**सवारी चालक अनुमतिपत्र (Licenses) वितरण सेवा हुलाक मार्फत नागरिकको घर दैलोमा पुऱ्याउन प्रयोजनको लागि भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत र हुलाक निर्देशनालय सुर्खेत बीच भएको**

## समझदारी पत्र

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी १०० कार्यसूचीको बुँदा नं. २७ मा सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी Government Courier Service का रुपमा विकास गर्ने जसमार्फत पासपोर्ट, नागरिकता, प्रतिलिपि, लाइसेन्स लगायतका सरकारी कागजातहरु/सामग्रीहरु घरमै पुऱ्याउने व्यवस्था भएअनुसार सवारी चालक अनुमतिपत्र (Licenses) सेवा जनताको घरदैलोमा उपलब्ध गराउने प्रयोजनार्थ कर्णाली प्रदेश सरकार, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेत र हुलाक निर्देशनालय सुर्खेत बीच देहायका शर्तको अधिनमा रही सुर्खेत, जुम्ला र रुकुम (पश्चिम भाग) जिल्लामा उक्त सेवा सुचारु गर्ने सहमती पत्रमा हस्ताक्षर गरियो ।

१. यातायात व्यवस्था कार्यालय सुर्खेत, जुम्ला र रुकुम (पश्चिम भाग) चौरजहारीले यातायात व्यवस्था विभागबाट प्राप्त भएको सवारी चालक अनुमतिपत्र (Licenses) प्राप्त गरे पश्चात सेवाग्राहीको घरदैलोमै पुऱ्याइदिनु पर्ने सवारी चालक अनुमतिपत्र (Licenses) को हकमा हुलाक मार्फत सवारी चालक अनुमतिपत्र (Licenses) घरदैलोमै बुझिलिने गरी मञ्जुरी फाराम भरेको व्यक्तिको नाम, ठेगाना र सम्पर्क नम्बर राखी खामबन्दी गरी हुलाक निर्देशनालय सुर्खेत, जिल्ला हुलाक कार्यालय जुम्ला र रुकुम (पश्चिम भाग) चौरजहारीलाई हस्तान्तरण गर्नेछ।

२. हुलाक निर्देशनालय सुर्खेत, जिल्ला हुलाक कार्यालय जुम्ला र रुकुम (पश्चिम भाग) ले यातायात व्यवस्था कार्यालय सुर्खेत, यातायात व्यवस्था सेवा कार्यालय जुम्ला र रुकुम (पश्चिम) चौरजहारीबाट रु. ४० को हुलाक टिकट टाँस गरी खामबन्दी भई प्राप्त भएको सवारी चालक अनुमतिपत्र (Licenses) बुझि लिइ सेवाग्राहीको घरदैलोमा पुऱ्याउनु पर्नेछ।

३. हुलाक निर्देशनालय सुर्खेत, जिल्ला हुलाक कार्यालय जुम्ला र रुकुम (पश्चिम भाग) ले विशेष कारणवस वितरण गर्न नसकेका सवारी चालक अनुमतिपत्र (Licenses) सम्बन्धित यातायात व्यवस्था कार्यालयहरुलाई फिर्ता गर्नुपर्नेछ ।

४. हुलाक निर्देशनालय सुर्खेत, जिल्ला हुलाक कार्यालय जुम्ला र रुकुम (पश्चिम भाग) ले सवारी चालक अनुमतिपत्र (Licenses) सुरक्षित साथ ढुवानी तथा वितरण गर्नुपर्ने।

५. हुलाक सेवा विभागको च. नं. क. प्र./१४०५ मिति २०८३/०१/१३ को पत्रमा नागरिकको घरदैलोमा पुऱ्याउने राहदानीको हकमा नियमानुसारको हुलाक दस्तुर/महसुल सम्बन्धित सेवाग्राहीबाट असुलउपर

प्रदेश सचिव

गोविन्द प्रसाद पाण्डे

गरी घरदैलोमा सेवा प्रवाह गर्ने उल्लेख भए अनुसार सवारी चालक अनुमतिपत्र (Licenses) समेत सोही प्रकृतिको सेवा भएकोले सो तौल बमोजिम हुन आउने रु. ४० (रु.चालीस) हुलाक टिकट मार्फत हुलाक महसुल लिइ नागरिकको घरदैलोमा पुऱ्याउने।

६. हुलाक निर्देशनालय सुर्खेत, जिल्ला हुलाक कार्यालय जुम्ला र रुकुम (पश्चिम भाग) ले सवारी चालक अनुमतिपत्र (Licenses) वितरणको लागि आवश्यक संङ्ख्यामा खाममा हुलाक महसुल बापत लाग्ने टिकट टाँस गरी यातायात व्यवस्था कार्यालयहरुमा बुझाउने र यातायात व्यवस्था कार्यालयहरुबाट घरमै सवारी चालक अनुमतिपत्र (Licenses) बुझ्न चाहने सेवाग्राहीबाट अनुसूची १ बमोजिमको फाराम भरी टिकट बापतको रकम असुल गरी प्राप्त भएको भोलिपल्ट राजश्व दाखिला गर्न हुलाक निर्देशनालय सुर्खेत, जिल्ला हुलाक कार्यालय जुम्ला र रुकुम (पश्चिम भाग) ले तोकेको कर्मचारीलाई बुझाउने र सवारी चालक अनुमतिपत्र (Licenses) प्राप्त भइसकेपछि हुलाक निर्देशनालय सुर्खेत तथा जिल्ला हुलाक कार्यालय जुम्ला र रुकुम (पश्चिम भाग) ले सम्बन्धित यातायात व्यवस्था कार्यालयहरुबाट बुझी सेवाग्राहीको घरदैलोमा वितरण गर्ने।

७. यस बमोजिम कार्य गर्दा कुनै बाधा आएमा करारका पक्षहरु बसी छलफल गरी निर्णय लिइनेछ।

८. यो सम्झौता मिति २०८३ साल श्रावण १५ गतेदेखि लागु हुनेछ।

| | |
|---|---|
| ------------ | ------------ |
| श्री अर्जुन कुमार बम | श्री गोविन्द प्रसाद पाण्डे |
| (प्रदेश सचिव) | (हुलाक निर्देशक) |
| भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेत | हुलाक निर्देशनालय, सुर्खेत |
| ------------ | ------------ |
| श्री प्रविन सारु मगर | श्री सुनिता कुमारी खत्री |
| (प्रमुख लेखा अधिकृत) | (शाखा अधिकृत) |
| भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सुर्खेत | हुलाक निर्देशनालय, सुर्खेत |

मिति २०८३ साल श्रावण १५ गते रोज ६ शुभम् ।

अनुसूची -१

## हुलाक मार्फत सवारी चालक अनुमतिपत्र (Licenses) घरदैलोमै बुझिलिने प्रयोजनको मञ्जुरी फाराम

मैले हुलाक सेवामार्फत घरमै सवारी चालक अनुमतिपत्र (Licenses) बुझ्ने गरी हुलाक सेवाको उपयोग गर्ने भएकोले तपसिल विवरण भरी पेश गरेको छु:

१. सवारी चालक अनुमतिपत्र (Licenses) नं. :

२. नाम :

३. सम्पर्क नं.:

४. ठेगाना : (तलको विवरणमा भर्ने)

क) गाउँपालिका/नगरपालिका :

ख) वडा :

ग) गाउँ/टोल :

घ) घरको लोकेसनको स्केच(जस्तै मन्दिर, स्कुल, चौतारो, ठूलो रुख तथा अन्य संकेत) :

| |
|---|
| |

५. बुवाको नाम र सम्पर्क नं. :

६. आमाको नाम र सम्पर्क नं. :

७. सवारी चालक अनुमतिपत्र (Licenses)बनाउन छोडेको मिति :

८. आफ्नो अनुपस्थितिमा सवारी चालक अनुमतिपत्र (Licenses) बुझ्न मञ्जुर गरेको व्यक्तिको

नाम:

नाता सम्बन्ध:

सम्पर्क नम्बर:

हुलाक सेवामार्फत घरमै सवारी चालक अनुमतिपत्र (Licenses) पुऱ्याउने प्रयोजनको लागि लाग्ने हुलाक महसुल बापत रु.४०/- को हुलाक टिकट म आफैंले टाँस गरी खाम यसै फाराम साथ संलग्न राखेको छु।

निवेदकको दस्तखत:

नाम:

मिति:

### सवारी चालक अनुमतिपत्र (Licenses) सम्बन्धीत व्यक्तिलाई बुझाए पश्चात गरिने भर्पाइ

सवारी चालक अनुमतिपत्र (Licenses) बुझिलिने व्यक्तिको

दस्तखत:

नाम:

मोबाइल नं.

सवारी चालक अनुमतिपत्र (Licenses) नं.

मिति

सम्बन्धित व्यक्तिसँगको नाता सम्बन्ध:

प्रदेश सचिव

गोविन्द प्रसाद पाण्डे
हुलाक निर्देशक